annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक ३२९ पृष्ठ ८ | काठमाडौं, शनिबार २३ चैत २०८१ | चैत्र शुक्लपक्ष सप्तमी, नेपाल संवत् ११४५ | SATURDAY, APRIL 5, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

### ओली-मोदी वार्ता

# भेट 'सौहार्द र फलदायी'

## सगरमाथा संवादको निम्तो

**राधा खनाल** | *काठमाडौं*

हुन्छ कि हुन्न भन्ने संशयलाई तोड्दै प्रधानमन्त्री केपी शर्मा ओली र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीबीच शुक्रबार बैंककमा अत्यन्त सौहार्दपूर्ण वार्ता भएको छ। यसले दुई देशको सम्बन्धलाई अझ प्रगाढ बनाएको दुवै प्रधानमन्त्रीले व्यक्त गरेका छन्।

बहुक्षेत्रीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बंगालको खाडीको प्रयास (बिमस्टेक) को छैटौं शिखर सम्मेलन सकिएपछि भएको साइडलाइन वार्तालगत्तै दुवैले प्रसन्नता जनाउँदै ट्विट गरेका छन्। मोदीसँगको फोटोसहित प्रधानमन्त्री ओलीले ट्विटरमा लेखेका छन्, 'मित्र भारतीय प्रधानमन्त्री मोदीजीसँग आत्मीय र सौहार्दपूर्ण भेट भयो। हाम्रो वार्ता अत्यन्त सार्थक र सकारात्मक रह्यो। यस आत्मीय भेटवार्ताप्रति म खुसी व्यक्त गर्दछु।'

भारतीय प्रधानमन्त्री मोदीले पनि दुई देशको सम्बन्ध बलियो भएको विश्वास व्यक्त गरेका छन्। प्रधानमन्त्री मोदीले पनि फोटोसहित सामाजिक सञ्जाल एक्समा पोस्ट गर्दै सकारात्मक परिणामका विषयमा कुरा भएको बताएका छन्। उनले लेखेका छन्, 'बैंककमा प्रधानमन्त्री केपी शर्मा ओलीसँगको भेटघाट फलदायी रह्यो। भारतले नेपालसँगको सम्बन्धलाई ठूलो प्राथमिकता दिएको छ। हामीले भारत-नेपाल मित्रताका विभिन्न पक्षहरू विशेषगरी ऊर्जा, कनेक्टिभिटी, संस्कृति र डिजिटल प्रविधिजस्ता क्षेत्रहरूमा छलफल गर्‍यौं। हामीले यस वर्षको बिमस्टेक शिखर सम्मेलनबाट प्राप्त केही प्रमुख सकारात्मक परिणामहरू विशेषगरी विपद् व्यवस्थापन र समुद्री यातायातका क्षेत्रहरूमा पनि कुरा गर्‍यौं।' प्रधानमन्त्री ओलीले हिन्दी र प्रधानमन्त्री मोदीले नेपाली भाषामा समेत ट्विट गरेका छन्।



K P Sharma Oli @kpsharmaoli · 6h
मेरे प्रिय मित्र, प्रधानमंत्री श्री @narendramodi जी से आत्मीय भेंट हुई।

हमारी बातचीत अत्यंत सार्थक और सकारात्मक रही।

इस सौहार्दपूर्ण मुलाकात पर हर्ष व्यक्त करता हूँ।

Narendra Modi @narendramodi

बैंककमा प्रधानमन्त्री केपी शर्मा ओलीसँगको भेटघाट फलदायी रह्यो। भारतले नेपालसँगको सम्बन्धलाई ठूलो प्राथमिकता दिएको छ। हामीले भारत-नेपाल मित्रताका विभिन्न पक्षहरू विशेष गरी ऊर्जा, कनेक्टिभिटी, संस्कृति र डिजिटल प्रविधि जस्ता क्षेत्रहरूमा छलफल गर्यौं। हामीले यस वर्षको बिमस्टेक शिखर सम्मेलनबाट प्राप्त केही प्रमुख सकारात्मक परिणामहरू विशेष गरी विपद् व्यवस्थापन र समुद्री यातायातका क्षेत्रहरूमा पनि कुरा गर्यौं।

**भारतीय समकक्षी नरेन्द्र मोदीसँग शुक्रबार बैंककमा भेटवार्ता गर्दै प्रधानमन्त्री केपी शर्मा ओली ।**

**सम्बन्ध 'थप मजबुत'**

भेटवार्तामा नेपाल र भारतबीचको ऐतिहासिक, सांस्कृतिक, धार्मिक र जनस्तरको सम्बन्धमा आधारित पारस्परिक सम्बन्धलाई थप मजबुत बनाउने प्रतिबद्धता गरिएको छ। दुवै नेताबीच व्यापार, सीमापार यातायात, ऊर्जा सहकार्य तथा विकास परियोजनालगायतका द्विपक्षीय सहयोगका विषयमा विस्तृत छलफल भएको परराष्ट्र मन्त्रालयले जानकारी दिएको छ। प्रधानमन्त्री ओलीले भारतका प्रधानमन्त्री नरेन्द्र मोदीसँगको भेटमा सकारात्मक र राम्रो कुराकानी भएको भेटपछि सञ्चारमाध्यमलाई छोटो प्रतिक्रिया दिएका थिए।

» बाँकी पृष्ठ ६

## बिमस्टेक बैंकक भिजनसहित ६ बुँदे प्रस्ताव पारित

**अन्नपूर्ण** | *काठमाडौं*

बहुक्षेत्रीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बंगालको खाडीको प्रयास (बिमस्टेक) को छैटौं शिखर सम्मेलन बैंकक सोचपत्र, २०३० जारी गर्दै सम्पन्न भएको छ।

यस क्षेत्रको व्यापार विस्तार, सम्पर्क सञ्जाल र मानवीय सुरक्षालाई केन्द्रमा राखेर सम्मेलनले समृद्धि, लचिलोपन र खुलापनको नाराअन्तर्गत बिमस्टेक बैंकक भिजनसहित ६ बुँदे प्रस्ताव पारित गरेको हो। पारित प्रस्तावबारे जानकारी दिन आयोजक राष्ट्र थाइल्यान्डका प्रधानमन्त्री पेथोङ्थान सिनावात्राले पत्रकार सम्मेलन गरेकी थिइन्। प्रस्तावमा बिमस्टेकलाई प्रभावकारी बनाउन कार्यमुखी संयन्त्र गठन, यसको भविष्य निर्धारणका लागि प्रबुद्ध व्यक्तिहरूको समूह (ईपीजी) गठन, म्यारिटाइम ट्रान्सपोर्ट सम्झौता, भूकम्पबाट प्रभावित म्यान्मार र थाइल्यान्डलाई सहयोग गर्ने विषयसहितको संयुक्त वक्तव्य, पर्यटन र संस्कृतिलाई प्राथमिकता दिँदै जनता-जनताको सम्पर्क विस्तारका विषयहरू छन्।

थाई प्रधानमन्त्री शिनावात्राले शिखर सम्मेलनको सम्मुखमा नेपालका प्रधानमन्त्री केपी शर्मा ओलीले थाइल्यान्डको पहिलो औपचारिक भ्रमण गरेर दुई देशबीचको सम्बन्धमा नयाँ आयाम थपिएको बताइन्। प्रधानमन्त्री ओलीले 'बिमस्टेक' शिखर सम्मेलनका मुख्य अन्तरवस्तु र संयुक्त राष्ट्रसंघको दिगो विकास लक्ष्यसँग नेपालले लिएको 'समृद्ध नेपाल, सुखी नेपाली'को राष्ट्रिय आकांक्षा गहिरोसँग प्रतिध्वनित हुने बताएका छन्।

सम्मेलनमा सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले समृद्धि, लचिलो र खुलापनजस्ता बिमस्टेक सम्मेलनका तीन आधार स्तम्भ, दिगो विकास लक्ष्य र नेपालको राष्ट्रिय आकांक्षासँग गहिरो रूपमा प्रतिध्वनित हुने बताएका हुन्।

उनले बिमस्टेकले परिवर्तनशील समयलाई मात्र नभई हाम्रो क्षेत्रीय सहयोगलाई पुनर्जीवित गर्ने अवसरलाई सदुपयोग गर्नुपर्ने भन्दै, 'मलाई विश्वास छ शिखर सम्मेलनको विषयवस्तुले हामीलाई त्यो मापन प्रदान गर्दछ, जुन जनता, समृद्धि र कल्याणको पक्षमा छ।'

उनले यस क्षेत्रका अर्थतन्त्रहरू समान छैनन् भन्ने कुरा स्वीकार गर्दै विशेष आवश्यकता भएका सदस्य राष्ट्रलाई सक्षम बनाउन प्राथमिकताका साथ सहयोग गर्न सबैलाई आग्रह पनि गरे।

जलवायु परिवर्तनले सम्पूर्ण मानव जातिको अस्तित्वमा संकट सिर्जना गरेको उल्लेख गर्दै उनले यहाँका हिमालयहरू एसियाका लागि पानीका स्रोत भएको भन्दै यहाँका पहाडले विश्वव्यापी तापक्रम घटाउने काममा योगदान पुर्‍याइरहेको रहाम्रो तर्फबाट भएको न्यून कार्बन उत्सर्जनका बाबजुद पनि तिनीहरूले असमान आक्रमणको सामना गर्नु परिरहेको बताए। 'यसको प्रभाव पहाडहरूमा मात्र नभई तल्लो तराई र तटीय क्षेत्रहरूमा पनि फैलिएको छ', उनले भने।

पहाडहरूको दुर्दशा र पहाड-महासागरबीचको सम्बन्धलाई उजागर गर्न नेपालले आगामी मे महिनामा 'सगरमाथा संवाद'को पहिलो संस्करण आयोजना गर्न लागेकोसमेत उनले जानकारी दिए।

## अस्ताए जननेता मदन भण्डारीका सारथि



**भरत खड्का** | *उदयपुर*

३४ वर्षपछि नेकपा एमालेका नेतालाई आफ्नै घरमा २०८० भदौ ९ गते स्वागत गर्न पाउँदा ८५ वर्षीय बलबहादुर सुनुवार निकै उत्साहित थिए। त्यो भेटलाई उनले आफ्ना पुराना कथा पोख्ने र नेतासँग नवीकरण गर्ने अवसरको रूपमा लिएका थिए।

कारण थियो, जननेता मदन भण्डारीको नेतृत्वदायी राजनीतिक यात्रा २०४६ सालमा बलबहादुरकै घर सिराहा जिल्लाको धनगढीमाई नगरपालिका– १४ सर्रेआम्बासीबाट भएको थियो। ३४ वर्षपछि बलबहादुरकै घरमा नेकपा एमालेले २०८० भदौ ९ गते नेकपा एमाले केन्द्रीय सचिवालयको बैठक आयोजना गर्दा उनले त्यो भेटलाई सम्बन्ध नवीकरणमात्र हैन त्यस क्षेत्रको विकासमा टेवा पुग्ने लक्ष्य राखेका थिए। अन्ततः उनले सोचेका काममा नेताहरूबाट पर्याप्त आश्वसनसमेत पाए। तर, त्यो उनले नेताबाट पाएका गाउँको विकास, देखेको सपना र नेतासँग मागेको विकासको आश्वासन हेर्न नपाउँदै अस्ताए। ८५ वर्षीय बलबहादुर शुक्रबार सधैंका लागि अस्ताए। उनको स्वर्गारोहणमा गाउँमात्र हैन नेकपा एमाले र मदन भण्डारी फाउन्डेसनसमेत शोकमा डुबेको छ।

स्वर्गीय बलबहादुरको पार्थिव शरीरमाथि नेकपा एमाले उदयपुरका अध्यक्ष तथा चौथो महाधिवेशनस्थल संरक्षण समितिका उपाध्यक्ष भागवत राउतले शुक्रबार नै पार्टीको झण्डा ओढाएर सम्मान गरे। उनको अन्त्येष्टि आफ्नै परम्पराअनुसार सोही ठाउँमा भएको छ।

» बाँकी पृष्ठ ६




# उच्च अदालतले उल्टायो आदेश, लामिछाने पक्राउ

**दिनेश गौतम** | *काठमाडौं*
**सलमान खान** | *भैरहवा*

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति तथा पूर्वउपप्रधान एवं गृहमन्त्री रवि लामिछाने काठमाडौं, हात्तीगौंडास्थित निवासबाट शुक्रबार साँझ पक्राउ परेका छन्।

उच्च अदालत तुलसीपुरको बुटवल इजलासले शुक्रबार संगठित रूपमा सहकारी ठगी र संगठित अपराधको मुद्दामा थुनामा पठाउने आदेश गरेका थियो। न्यायाधीशहरू रमेश ढकाल र स्वीकृति पराजुलीको संयुक्त इजलासले लामिछानेलाई थुनामा पठाउने आदेश गरेको हो।

अदालतले आदेश गरेको केही समयमै लामिछानेको हात्तीगौंडास्थित निवासमा प्रहरी पुगेको थियो । पक्राउ पर्नुअघि लामिछानेले भिडियो रेकर्ड गराएका छन्। सामाजिक सञ्जालमा पोस्ट गरिएको भिडियो रेकर्डमा लामिछानेले समाचारबाट आफूलाई थुनामा पठाउने अदालतको आदेश जानकारी पाए पनि बिनापुर्जी प्रहरी बेडरुममा प्रवेश गरेको दाबी गरेका छन्। 'सम्मानित अदालतको आदेशलाई मैले सधैं मानेकै छु। कानुनलाई मानेकै छु। पहिला पनि आफैं उपस्थित हुन गएको हुँ,' भिडियो रेकर्डमा लामिछानेले भनेका छन्, 'यो राज्य आतंक, धरपकड म माथि के कारणले भइरहेको छ? मैले बुझ्न सकेको छैन।' उनले आफूबाट कुनै गल्ती वा अपराध नगरेको दाबी गर्दै संसारकै ठूलो अपराधीलाई जस्तो आफूमाथि गरिएको व्यवहार आम जनताले हेरिरहेको विश्वास आफूले गरेको जनाएका छन्। एक थोपा रगत रहेसम्म न्यायको लडाइँ लडिरहने र न्यायालयको सम्पूर्ण ढोका ढकढक्याउने उनले बताएका छन्।



**रास्वपाका सभापति रवि लामिछानेलाई शुक्रबार राति उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले पक्राउ गरेर लैजाँदै ।** ● अभिषेक महर्जन

प्रहरी घरमा आइसकेपछि सभापति लामिछानेले आफू गिरफ्तारी दिन तयार रहेको बताउँदै सामाजिक सञ्जाल फेसबुकमा लेख्न भ्याए । उनले लेखे, 'सम्मानित अदालतको आदेशको सम्मान गर्दै म आफैं आजे अहिले नै गिरफ्तारी दिँदैछु। साथै न्यायालयका अन्य ढोकाहरू मेरा लागि खुल्ला होलान् नै। न्यायका लागि दुनियाँका सबै ढोका ढकढकाउँछु। ममाथि ठूलो अन्याय भएको छ। चितवनको सभा नरोक्नुस्।' रास्वपाले शनिबार चितवनमा सभा आयोजना गर्न लागेको थियो। लामिछाने चितवन पुगी आमसभामा सम्बोधन गर्ने तयारीमा थिए।

लामिछानेलाई अदालतमा उपस्थित गराउन शनिबार भैरहवा लैजाने तयारी रहेको छ। उनलाई शुक्रबार जिल्ला प्रहरी परिसर काठमाडौंको हिरासतमा राखिने भएको छ।

**छविलाललाई पनि थुनामा पठाउन आदेश**

उच्च अदालत तुलसीपुर बुटवल इजलासका सूचना अधिकारी रामबहादुर कुँवरका अनुसार, सहकारी ठगी र संगठित अपराधको अभियोगमा रवि लामिछानेलाई थुनामा पठाउने आदेश भएको हो। गोर्खा मिडिया नेटवर्क प्रालिका पूर्वप्रबन्ध निर्देशक लामिछानेलाई सहकारी ठगी प्रकरणमा थुनामा बस्नुपर्ने आदेश भएको हो।

त्यस्तै, पूर्वडीआईजी छविलाल जोशीलाई जिल्ला अदालत रूपन्देहीले पुर्पक्षका लागि थुनामा पठाउने गरेको आदेश उच्च अदालतले सदर गरेको उनले बताए। गत माघ २८ गते जिल्ला अदालत रूपन्देहीका न्यायाधीश वशिष्टकुमार घिमिरेको एकल इजलासले थुनछेक बहसपछि कसुर नगरेको विश्वास गर्नुपर्ने मनासिव आधार नदेखिँदा पछि ठहरेबमोजिम हुने गरी अहिलेलाई उनलाई थुनामा पठाउने आदेश गरेको थियो। जोशीले आफू धरौटीमा रिहा हुनुपर्ने भन्दै उच्च अदालतमा निवेदन दिएका थिए।

गत माघ ६ गते जिल्ला सरकारी वकिल कार्यालय रूपन्देहीले बुटवलस्थित सुप्रिम बचत तथा ऋण सहकारी संस्थाको रकम ठगी प्रकरण सभापति लामिछाने समेतलाई प्रतिवादी बनाउँदै जिल्ला अदालत रूपन्देहीमा मुद्दा दायर गरेको थियो। सहकारीको रकम अपचलन गरेको कसुरमा कुल ४२ जनाविरुद्ध मुद्दा दर्ता भएको थियो।

» बाँकी पृष्ठ ६